**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 11.12.2024**

## पिएम स्मार्ट इण्डिया हैकाथन

प्रधानमन्त्री श्री नेरन्द्र मोदीले युवा नवप्रवर्तकहरूको प्रशंसा गर्नुभएको छ र भन्नुभएको छ- सबैमा एक्काइसौं शताब्दीको भिन्दै दूर्दृष्टि छ र समाधान पनि भिन्न छ। स्मार्ट इण्डिया हैकाथन 2024 को सातौं संस्करणको फाइनलमा युवा नवप्रवर्तकहरूसित भिडियो कन्फरन्सिङको माध्यमद्वारा बातचीत गर्दै उहाँले भन्नुभयो आजको भारत प्रत्येक व्यक्तिको प्रयासले मात्र द्रुतगतिमा अघि बढ्न सक्छ। प्रधानमन्त्रीले भन्नुभयो युवा नवप्रवर्तकहरूसंग सम्पर्क गर्ने अवसर पाउँदा उहाँले प्रचुर ज्ञान प्राप्त गर्नु हुन्छ। यसअघि आज दिउँसो केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले देशभरिका एक्काउन्न केन्द्रहरूमा भर्चुअल माध्यमले सातौं स्मार्ट इण्डिया हैकाथन 2024 को ग्राड फाइनल को शुभारम्भ गर्नुभयो। यो दैनिक जीवनमा आउने प्रमुख समस्याहरूका समाधनको मञ्च उपलब्ध गराउने राष्ट्रव्यापी पहल हो।

## स्पेसियल ओलम्पिक

विशेष ओलेम्पिक भारत सिक्किम च्याप्टरले शिक्षा विभाग र खेल तथा युवा मामिला विभागसित मिलेर नाम्चीको भाइचुङ स्टेडियममा आज जिल्ला स्तरीय विशेष ओलेम्पिक भारत आयोजित गर्यो। विशेष आवश्यकता पर्ने नानीहरूका लागि आयोजना गरिएको ओलेम्पिकमा अन्य वाहेक नाम्ची सिंगिथाङका विधायक श्री सतीश चन्द्र राई मुख्य अतिथि हुनुहुन्थ्यो। आफ्नो वक्तव्यमा उहाँले हाम्रो जीवनमा खेलकुदलाई सामेल गर्दा प्राप्त हुने लाभहरूको उल्लेख गर्नुभयो। श्री राईले युवाहरूसित सन्तुलित र अर्थपूर्ण जीवनका लागि शारीरिक क्रियाकलापद्वारा स्वस्थ रहन प्रेरित गर्नुभयो। यसमा बोल्दै विशेष ओलेम्पिक भारत सिक्किम च्याप्टरका अध्यक्ष श्री कुबेर दाहालले भन्नुभयो विभिन्न जिल्लाका विजेताहरूले राज्य स्तरको च्याम्पियनशीपमा प्रतिष्पर्धा गर्नेछ र त्यसैगरी राष्ट्रिय स्तरमा राज्यको प्रतिनिधित्व गर्नेछन्। आज दुवै ठिटा र ठिटीहरूका लागि एक सय र पचास मिटरको दौड़ र अन्य प्रतियोगिता राखिएको थियो।

## एनुयल कन्भेनसन सिआईसी

केन्द्रीय सूचना आयोगको सौह्रौं वार्षिक सम्मेलन नयाँ दिल्लीको भारत मण्डपममा हिजो बस्यो प्रधानमन्त्री कार्यालय राज्य मन्त्री तथा कार्मिक जनगुनासो तथा पेन्शन मन्त्री डा. जितेन्द्र सिंहले यसको उद्घाटन गर्नुभयो। सम्मेलनमा मुख्य सूचना आयुक्त अनि केन्द्रीय सूचना आयोग र राज्य सूचना आयोगका सूचना आयुक्तहरू र वरिष्ट अधिकारीहरूको उपस्थिती थियो। सिक्किमबाट मुख्य सूचना आयुक्त श्री वाई. पी गुरूङ र राज्य सूचना आयुक्त श्री कुबेर भण्डारीले राज्यको प्रतिनिधित्व गर्नुभयो। सम्मेलनमा मुख्य सूचना आयुक्त श्री वाई पी गुरूङ र राज्य सूचना आयुक्त श्री कुबेर भण्डारीले राज्यको प्रतिनिधित्व गर्नुभयो। सम्मेलनमा पारदर्शिता र जवाफदेहिता बढाउनमा सूचना अधिकार ऐनको भूमिकाबारे प्रकाश पारियो।

## युथ फेस्टिभल गेजिङ

गेजिङ जिल्लाले आज गेजिङको सरकारी कन्या उच्चतर माद्यमिक विद्यालय क्योङसामा जिल्ला स्तरीय युवा उत्सव आयोजन गर्यो। यसमा विभिन्न वर्गमा कविता लेखन, चित्रकला, फोटोग्राफी र वाक् प्रतियोगिता राखिएको थियो। सांस्कृतिक कार्यक्रम उत्सवको अर्को आकर्षण थियो। यसमा विजयी हुने युवाहरूलाई ट्रफी र नगद पुरस्कार प्रदान गरियो।

## युथ फेस्टिभल पाक्योङ

यसैवीच पाकिम जिल्लाको खेल तथा युवा मामिला विभाग र नेहरू युवा केन्द्र गान्तोकको तत्वावधानमा पी एम श्री डिक्लिङ उच्चतर माध्यमिक विद्यालयमा पनि जिल्ला स्तरीय युवा उत्सव आयोजित भयो। यसमा विज्ञान मेला र लोकगीत तथा लोकनृत्य प्रतियोगिता आयोजन गरियो। राज्य स्तरमा विजय हुनेहरूले राष्ट्रिय युवा उत्सवमा राष्ट्रिय युवा उत्सवमा सिक्किमको प्रतिनिधित्व गर्नेछन्।

## हर्नबील फेस्टिभल

नागाल्याण्डमा आयोजित दश दिने लामो हर्नबील उत्सव हिजो सम्पन्न भयो। उत्सवहरूको उस्सव नाउँले प्रचिलत हर्नबील उत्सव पहिलो दिसम्वर नागाल्याण्ड राज्य दिवसको अवसरमा शुरू भएको थियो। 1999 सालदेखि मनाउन आरम्भ गरिएको यस उत्सवले यसपाली पच्चीस वर्ष पूरा भएको छ। यो वर्ष हर्नबील उत्सवमा जम्मा दुई लाख पाँच हजार नौ सय अड़सठी पर्यटकहरूले भ्रमण गरे। यीमध्ये दुइ हजार पाँच सय सत्ताइस विदेशी पर्यटकहरू त्रिपन्न हजार दुई सय सत्र घरेलु पर्यटकहरू र एक लाख पचास हजार दुई सय पच्चीसजना स्थानीय पर्यटकहरू सामेल थिए। पोहोर साल उत्सवमा सहभागी हुने पर्यटकहरूको कुल संख्या एक लाख तिरात्तर हजार थियो।

## पन्चायत अवार्ड

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको विज्ञान भवनमा राष्ट्रिय पञ्चायत पुरस्कार प्रदान गर्नुभयो। यो वर्ष तृणमूल स्तरमा शासन र सामुदायिक विकासका ब्यापक उपलब्धिहरू दर्शाउँदै बिभिन्न श्रेणीमा कुल पैंतालिस व्यक्तिहरू पुरस्कारका लागि छनौट गरिएको थियो। पञ्चायती राज मन्त्रालयले भनेको छ- यी पुरस्कारहरूको उद्देश्य अन्य पञ्चायतहरूलाई श्रेष्ठ कार्य प्रणाली अप्नाउन प्रेरित गर्नु र ग्रामीण भारतको समग्र विकासमा योगदान दिनु हो।

## लोक सभा वैष्णव

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभएको छ –सदनमा आम सहमति भएको खण्डमा सरकार कृत्रिम बुद्धिमता एआई लाई शासित गर्नका लागि कानून बनाउन तयार छ। लोकसभामा आज पूरक प्रश्नको उत्तरमा श्री वैष्णवले भन्नुभयो अभिव्यक्तिको स्वतन्त्रता र नैतिकता आधारित कृत्रिम बुद्धिमतामा कानूनी रूपरेखाबीच सन्तुलन बनाउने आवश्यकता छ। उहाँले भन्नुभएको छ –मोदी सरकारले प्रौद्योगिकीको लोकतन्त्रीकरणमाथि विश्वास गर्छ र यसले गरीब भन्दा गरीब मानिसहरूका हातमा प्रौद्योगिकी दिएको छ। मन्त्रीले भन्नुभएको छ देशमा ब्यापक इण्डिया एआई मिशन शुरू गरिएको छ। श्री वैष्णवले भन्नुभयो एआई फ्यूचर स्किल्स प्लेटफार्ममा आठ लाख साठी हजार मानिसहरूले नामाङ्कन गराएका छन्।